ISSN - 2717-4751

*Unity Journal*
Vol.7, 367-376, Feb 2026
https://doi/org/10.3126/unityj.v7i1.90488
Prithvi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

# नेपालको एकीकरणदेखि आधुनिक संकटसम्म नेपाली सेनाको भूमिका

**मनोज घर्ती मगर**
अधिवक्ता
Corresponding Email: advocate.manojgm7@gmail.com

**ARTICLE INFO**

***Article history***
*Received: 31 Oct 2025*
*Accepted: 20 Jan 2026*

***शब्दकुञ्जी***
**नेपाली सेना**
**संकट**
**एकीकरण**
**भूकम्प**
**कोरोना महामारी**
**नागरिक-सैनिक सम्बन्ध**

**लेखसार**

*नेपाल एकीकरण, नेपाल-भोट युद्ध, नेपाल-अंग्रेज युद्ध देखि वि.सं. २०७२ सालको विनाशकारी भूकम्प, कोभिड-१९ महामारी, वि.सं. २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनसम्म आइपुग्दा नेपाली सेनाको भूमिका केवल सैन्य सुरक्षामा सीमित नरही बहुआयामिक राष्ट्रिय संकट व्यवस्थापन संयन्त्रका रूपमा विस्तार भएको देखिन्छ । तथापि, संकटकालीन अवस्थामा सेनाप्रति राज्य र समाजको निर्भरता अत्यधिक हुने तर संकट टरेपछि नेपाली सेनाको सेवा बिर्सनुका साथै अनेकन टिप्पणी हुने गरेको पाइन्छ । त्यसको निरन्तरता पछिल्लो घटना जेनजी आन्दोलन बन्यो । नेपाली सेनाले नेपाल राज्य निर्माण, सार्वभौमिकता संरक्षण, आन्तरिक द्वन्द्व, प्राकृतिक विपद्, स्वास्थ्य आपतकालजस्ता संकटका विभिन्न चरणहरूमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । संकटको समयमा नेपाली सेनामाथि अत्यधिक निर्भर रहने तर संकट टरेपछि सेनाको सेवा बिर्सेर अनेकखाले टिप्पणी आउनु विरोधाभास हो । यस आलेखले ऐतिहासिक सन्दर्भ, प्रमुख राष्ट्रिय संकटहरूमा नेपाली सेनाले खेलेको भूमिकाको विस्तृत विश्लेषण गर्दै संकट टरेपछि किन सेनाले गरेको सेवा बिर्सने गरिन्छ भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छ । प्राथमिक र द्वितीय स्रोत प्रयोग गरी तथ्यपरक बनाउने प्रयास गरिएको यो अध्ययन गुणात्मक अनुसन्धान विधि अन्तर्गत वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा तयार पारिएको हो ।*

## पृष्ठभूमि

कुनै पनि राष्ट्रका लागि सेना अन्तिम सुरक्षा प्रत्याभूति मात्र होइन, संकटका बेला राज्यको कार्यक्षमता जोगाइराख्ने केन्द्रीय संस्था हो । नेपालको सन्दर्भमा नेपाली सेना नेपाल एकीकरणदेखि आधुनिक लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा विभिन्न संकटका समयमा निर्णायक रुपमा अग्रपंक्तिमा रहँदै आएको छ । नेपाल एकीकरण, आन्तरिक द्वन्द्व, प्राकृतिक विपद्, महामारी र बाह्य दबाबका संकटहरूले बारम्बार राज्यको क्षमताको परीक्षा लिँदा नेपाली सेना प्रमुख स्तम्भका रूपमा उभिएको देखिन्छ । विडम्बना के छ भने, संकट टरेपछि सेनाप्रति राज्यनीति र सार्वजनिक दृष्टिकोण शिथिल बन्दै जाने प्रवृत्ति दोहोरिन्छ । संकटमा 'राष्ट्रिय उद्धारकर्ता'का रूपमा चित्रित सेनालाई संकट टरेपछि बिर्सने गरिएको छ । संकटको समयमा नेपाली सेनामाथि अत्यधिक निर्भर रहने तर संकट टरेपछि सेनाको सेवा किन बिर्सने गरिन्छ ? नेपालको इतिहासमा विभिन्न संकटमा नेपाली सेनाले खेलेको भूमिका कस्तो थियो ? यसबारेमा विश्लेषण गर्नु यस आलेखको मूल उद्देश्य हो ।

### अध्ययन विधि र वैचारिक आधार

यो अध्ययन गुणात्मक अनुसन्धान विधि अन्तर्गत वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचामा आधारित छ । प्रथम स्रोतको रुपमा विज्ञ २ जनासँग अन्तर्वार्ता गरी सूचना संकलन गरिएको छ भने द्वितीय स्रोतको रुपमा ऐतिहासिक अभिलेख, सरकारी नीति, पुस्तक, विभिन्न अनलाइन पत्रिकाको सहयोग लिइएको छ । संकटका समयमा नेपाली सेनामाथि अत्यधिक निर्भर रहने तर संकट टरेपछि सेनाको सेवा बिर्सदै जाने विरोधाभासलाई निम्न वैचारिक अवधारणाको सहयोगबाट बिश्लेषण गरी सोको व्याख्या-विश्लेषण गरी सोही अध्ययनको नतिजाको आधारमा यो आलेख तयार गरिएको छ ।

**संकट** : नागरिकमा सामूहिक डरले सेनालाई केन्द्रमा ल्याउँछ ।

↓

**सेनाको काम**: सेनाले सफलता हासिल गर्छ वा संकट टार्छ ।

↓

**बिस्मृति**: नागरिकका दैनिक जीवनका प्राथमिकताले सेनाको भूमिकालाई ओझेलमा पार्छ ।

↓

**पुनरावृत्ति**: नयाँ संकटले फेरि सेनाको आवश्यकता महसुस गराउँछ ।

यस चक्रले सेनालाई एक 'आवश्यकतामा आधारित साधन'को रूपमा प्रयोग गर्ने सामाजिक-राजनीतिक प्रवृत्तिलाई दर्शाउँछ । यसले युद्ध र संकटका बेला सेनालाई सम्झने र अरु बेला सेनाको काम र सेवा बिर्सदै जाने प्रवृत्ति रहेको देखाउँछ (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) ।

### नेपाली सेनाको काम, कर्तव्य

नेपाली सेना राष्ट्रको सार्वभौमसत्ता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डताको संरक्षण तथा राष्ट्र र राष्ट्रवासीको सेवामा सदा समर्पित संस्था हो । नेपाली सेनाले नेपालको संविधानद्वारा निर्दिष्ट भूमिका पूरा गर्न देशको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न स्थान तथा तहमा संगठित भई आफ्नो जिम्मेवारी सम्पादन गर्दै आइरहेको छ । नेपालको संविधानको धारा २६७ ले निर्दिष्ट गरे बमोजिम नेपाली सेनाका मुख्य भूमिकाहरू २ वटा रहेका छन् :

(क) **पहिलो**: नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने ।

(ख) **दोस्रो**: राष्ट्रिय सुरक्षा नीति,२०७३ को दफा ३.३ ले युद्ध बाहेकको अवस्थामा नेपाली सेनालाई थप १४ वटा सहायक जिम्मेवारीहरू प्रदान गरेको छ । जसमा स्थानीय प्रशासनलाई आन्तरिक सुरक्षा कायम गर्न सहयोग गर्ने, हिंसात्मक, विध्वंसात्मक तथा आतंकवादी कार्यहरू भएमा निस्तेज गर्ने, गैरकानुनी सशस्त्र गतिविधि निस्तेज गर्ने, आवश्यकता अनुसार महत्त्वपूर्ण र संवेदनशील स्थानहरूको सुरक्षा गर्ने, प्राकृतिक तथा मानव सिर्जित विपदमा उद्धार कार्य गर्ने, जनता, सरकार र सेनाबीचको सम्बन्धलाई सुमधुर तथा सुदृढ बनाउने र सुरक्षा चेतना अभिवृद्धिमा योगदान गर्ने, राष्ट्रिय सम्पदाको संरक्षणमा आवश्यक सहयोग गर्ने, मित्र राष्ट्रका सेनाहरूसँग सैनिक सम्बन्ध विकसित गर्न सहयोग पुऱ्याउने, नेपालको संविधान तथा कानुन बमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरू गर्ने (राष्ट्रिय सुरक्षा नीति, २०७३) लगायतका काम गर्ने गरी जिम्मेवारी तोकिएको छ ।

### तथ्यमाथि छलफल

#### *संकटको समयमा नेपाली सेना*

सेना कुनै पनि राष्ट्रका लागि संकट व्यवस्थापन संयन्त्रको मेरुदण्ड हो । नेपालको सन्दर्भमा नेपाली सेना सबैभन्दा पुरानो र संगठित संस्था हो । नेपाली सेना एकिकरण कालदेखि आधुनिक लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा

विभिन्न संकटका निर्णायक मोडहरूमा अग्रमोर्चामा उभिएको पाइन्छ । नेपाल रक्षाका लागि विदेशी सेनासँग लडाइँ गर्नेदेखि नागरिकलाई आइ परेका संकटसम्म नेपाली सेनाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । इसवीको ८ औं शताब्दीमा कश्मिरी राजा जयापिडले काली गण्डकी क्षेत्रमा हमला गर्दा त्यस बिरुद्ध नेपालका राजा अरमुडी र नेपाली सेनाले वीरताका साथ लडाइँ गरी तत्कालीन समयका अत्यन्त शक्तिशाली राजा जयापिड र उनको फौजलाई पराजित गरेका थिए (मानन्धर, राठौर, २०७९; बुढा,२०७८) । त्यसैगरी, नेपाली सेनाले गुरगिन खाँको नेतृत्वमा आएको बङ्गाली नवाव मीर कासिमको फौजलाई मकवानपुर गढीमा र इष्ट इण्डिया कम्पनीको क्याप्टेन किनलकको नेतृत्वमा आएको २४०० जनाको सेनालाई सिन्धुलीगढीमा पराजित गरेको थियो । नेपाल एकीकरणको दौरान विदेशी सेनासँग नेपाली सेनाले लडाइँ लडेर सबैभन्दा महत्त्वपूर्ण जीत हासिल गरेका युद्धहरू हुन्: नेपाल-चीन-तिब्बत युद्ध, पश्चिम काँगडाको युद्ध, जितगढी, पर्सा, नालापानीदेखि देउथलसम्मको युद्धमा नेपाली सेना देशको रक्षाका खातिर बहादुरीपूर्वक सहभागी भएको थियो । भारतमा भएको सिपाही विद्रोह, अफगान युद्ध, वजिरीस्तानको युद्धदेखि पहिलो र दोस्रो विश्वयुद्धमा भाग लिएर नेपालको सार्वभौमसत्ता जोगाउन र गुमेको नेपाली भूभाग फिर्ता ल्याउन नेपाली सेनाको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । प्रथम विश्वयुद्धमा नेपालले बेलायतलाई सैनिक सहयोग गरेकाले नेपाल र बेलायतबीच पहिलेकोभन्दा अझ राम्रो सम्बन्ध हुन गयो । त्यसपछि बेलायतले नेपाललाई सन् १९२३ मा मैत्री सन्धी गरेर एउटा स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न राष्ट्रको रुपमा स्वीकार गऱ्यो (पन्त र थापा, २०७९) । यसो हुनुमा नेपाली सेनाले बेलायतका लागि गरेको सहयोगको नै मुख्य भूमिका थियो । तथापि, नेपालमा सेनाप्रति राज्य, समाज र आम नागरिकको दृष्टिकोण प्रायः प्रतिक्रियात्मक देखिन्छ । नेपाली सेनाप्रति संकटमा अत्यधिक निर्भरता रहने तर संकट टरेपछि सेनाको सेवालाई बिर्सने गरिएका थुप्रै घटनाहरू छन् । जब राष्ट्र कुनै ठूलो विपत्ति वा संकटको चपेटामा पर्छ, सेनालाई 'राष्ट्रका नायक' र 'जीवनदाता'को रूपमा हेरिन्छ । यस्तो समयमा उनीहरूको महत्त्व सर्वोपरि हुन्छ । यस आलेखमा नेपाल एकीकरणदेखि वि.सं.२०७२ सालको भूकम्प, कोभिड-१९ महामारी र २०८२ सालको भदौ २३ र २४ को जेन जी आन्दोलनलाई केन्द्रमा राखेर नेपाली सेनाले ती संकटका समयमा खेलेको भूमिकाको वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ ।

***नेपाल एकीकरण***

नेपाली सेनाको ऐतिहासिक जरा १८ औं शताब्दीको नेपाल एकीकरण अभियानसँग जोडिएको छ । राजा पृथ्वीनारायण शाहको नेतृत्वमा भएको एकीकरण केवल सैन्य विजय मात्र नभई नेपालको भू-राजनीतिक अस्तित्वको आधारशिला थियो । राजा पृथ्वीनारायणले एकीकरण गरी पूर्वमा चौदण्डी,मोरङ्ग, किराँत प्रदेशसम्म, पश्चिममा गण्डकी प्रदेशसम्म राज्य विस्तार गरी नेपालको राजधानी काठमाडौं कायम गरेका थिए (शर्मा,२०७८) । तत्कालीन गोर्खाली सेना अथवा नेपाली सेनाबिना स-साना राज्यहरूलाई एकीकृत गरी आधुनिक नेपाल निर्माण सम्भव हुने थिएन । एकीकरणका बेला नेपाली सेना पूर्वमा टिष्टादेखि पश्चिम काँगडासम्मको युद्धमा नेपाली सेना देशको रक्षाका खातिर बहादुरीपूर्वक लडाइँमा सहभागी भएको थियो । एकीकरण प्रक्रियाले सेनालाई राज्यको मेरुदण्डका रूपमा स्थापित गऱ्यो । यसले राष्ट्रिय एकता, सार्वभौमिकता र बाह्य हस्तक्षेपविरुद्ध प्रतिरोधको ऐतिहासिक चेतना विकास गऱ्यो, जुन चेतना आज पनि नेपाली सेनाको संस्थागत संस्कृतिमा देखिन्छ । यदि तत्कालीन समयमा बलियो नेपाली सेना नभएको भए अहिलेको नेपाल बन्ने संभावना नै थिएन (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) । यो सेनाको प्रारम्भिक अस्तित्व नै युद्ध र राष्ट्र निर्माणको चरम संकटको उपज हो । विश्वका विभिन्न राष्ट्रहरूमा राष्ट्रनिर्माणका कार्यमा विभिन्न तरिकाबाट राष्ट्रिय सेनाको प्रयोग भइरहेको प्रशस्त उदाहरणहरू पाइन्छ (सुब्बा, २०७३) । एकीकरणका बेला टुकुडी, फौज र कमाण्डरहरूले सानो-ठूलो राज्यको संकटबाट मुक्त गराई राष्ट्रलाई एउटै मालामा उन्न महत्त्वपूर्ण योगदान दिएका थिए । एकीकरणको समयमा सैनिक वीरता र बलिदानलाई राष्ट्रिय गौरवको रूपमा स्थापित गरियो । सेनालाई राज्यको स्थायी अङ्ग र अत्यावश्यक मेरुदण्डको रूपमा स्थापित गरियो । उनीहरूको बलिदानको इतिहास आजसम्म पनि राष्ट्रिय एकताको प्रतीकका रूपमा सम्मान गरिन्छ ।

***विदेशी सेनासँग पहिलो मुठभेड***

दिग्बन्धन सेन राजाको अनुरोधमा बंगालका नवाव मीर कासिमले सेनापति गुगीन खाँको नेतृत्वमा ३७०० जति फौज पठाइ वि.सं. १८१९ मा मकवानपुर दरबारमा हमला गर्न खोजेका थिए । तिनलाई करिब ४०० जना गोरखाली सेनाले तहसनहस पार्ने आक्रमण गरी १७०० जना भन्दा बढी मुसलमान फौज मारिदिए । गुरगिन खाँको अगुवाइमा वि.सं. १८१९ पुसमा करिब तीन हजार सैनिक र भरिया मकवानपुर गढीमा लडाइँ गर्नका लागि आएका थिए । उम्दा हातहतियारहरूले सुसज्जित गुरगिन खाँको विशाल फौजले नेपाली सेनाको सानो डफ्फासँग नराम्रो हार खाइ फर्कनुपऱ्यो (शर्मा र अरु, २०४९) । यस लडाइँमा दुश्मनसँग खोसेको ४०० भन्दा बढी बन्दुक र दुई नाल तोपलाई प्रयोगमा ल्याउन नेपाली सेनामा पहिलोपल्ट वि.सं. १८१९ सालमा श्रीनाथ, कालीबक्स, बर्जवाणी, पुरानो गोरख, सवुज गरी ५ कम्पनी खडा गरियो भने आधुनिक नेपालमा विदेशी दुश्मनसँग लडिएको पनि यो पहिलो लडाइँ थियो, (बस्न्यात, २०८०) । गोर्खाली सेनाको विरुद्ध कान्तिपुरका राजा जयप्रकाश मल्लले तत्कालीन इष्ट इण्डिया कम्पनीसँग सैनिक सहयोग मागेपछि अंग्रेजतर्फबाट क्याप्टेन किनलकको नेतृत्वमा अत्याधुनिक हतियार सहित करिब २४०० अर्थात् एक वाहिनी फौज पटना-जनकपुर-सिन्धुलीगढी हुँदै कान्तिपुरतर्फ बढेको थियो । सोही क्रममा सिन्धुलीगढी नआइपुग्दै सिन्धुली माडीबाट सिन्धुली गढीतर्फ उकालो चढ्दै गरेका अंग्रेजी सेनालाई गोर्खाली सेनाले पौवा गढी, ढुङग्रेभञ्ज्याङ र ढुङग्रेबास तीन ठाउँबाट एकै पटक हमला गरेर करिव १६०० दुश्मनहरू मारे भनी लेखिएको पाइन्छ । थुप्रै हतियार हात लागेको, वि.सं. १८२४ मा भएको यो युद्ध अंग्रेजसँगको पहिलो लडाइँ थियो (बस्न्यात, २०८०) । यी दुवै लडाइँमा नेपाली सेनाले बहादुरीपूर्वक आफ्नो कौशल देखाएको थियो । नेपाली सेनाले उक्त लडाइँहरूमा प्राप्त गरेको सफलताले गर्दा पनि नेपाल स्वतन्त्र रहन संभव भएको देखिन्छ ।

***तिब्बतसँग युद्ध***

तिब्बतसँग नेपालले गरेको सन् १७८८ को पहिलो युद्धमा करिव १५,००० नेपाली सेनाले भाग लिएका थिए । राजकुमार बहादुर शाहको नायवीकालमा भएको यो लडाई कुती र केरुङ दुई क्षेत्रबाट भएको थियो (मानन्धर, २०८०) । कुतीक्षेत्रको नेतृत्व काजी श्रीकृष्ण शाह र केरुङ क्षेत्रको नेतृत्व काजी कीर्तिमानसिंह बस्न्यातले गरेका थिए । केरुङको झुंगामा भएको युद्धमा भोटका सैनिकहरू हार खाएपछि २ जुन १७८९ मा केरुङको सन्धिबाट युद्ध टुंगियो (पन्त र थापा, २०७९) । भोटले केरुङको सन्धिलाई उल्लंघन गरेपछि सन् १७९१ को सेप्टेम्बरमा काजी अभिमानसिंह बस्न्यातको नेतृत्वमा तिव्बतमाथि दोस्रो पटक कुती र केरुङबाट नेपाली सेनाले हमला गरेको थियो । नेपालीले पूर्ण सफलता प्राप्त गर्दै रहेको यस युद्धमा पछि गएर चीनले भोटलाई सैन्य सहयोग दिएपछि नेपाली फौजले विलम्ब युद्ध अर्थात् डिलेइङ ब्याटल लडी बेत्रावतीसम्म पछि हट्नुपऱ्यो । काजी दामोदर पाँडेको नेतृत्वमा २० अगस्त १७९२ मा चीन र तिब्बतको संयुक्त फौजलाई बेत्रावतीमा नेपाली सेनाले हराएपछि बेत्रावतीमा सन्धि भइ युद्ध अन्त भयो । यसलाई नेपाल-चीन-तिब्बत युद्ध पनि भनिन्छ (बस्न्यात, २०८०) । यी लडाइँहरू लडी नेपाली सेनाले देशको सीमारक्षा र विदेश नीति कार्यान्वयनमा ठूलो योगदान दिएको पाइन्छ ।

***पश्चिम काँगडा, नालापानी र देउथलको युद्धमा नेपाली सेनाको बहादुरी***

नेपाल एकीकरणको दौरान युद्धमा सफलता हासिल गर्दै पश्चिम हानिएका नेपाली सेनाले अति नै बलियोसँग बनेको र पहाडको टुप्पोमा रहेको काँगडा किल्लालाई करिब ४ वर्षसम्म घेराबन्दी गरी बस्न सफल भएको थियो । सेनापति बडाकाजी अमरसिंह थापा नेपालतर्फका कमाण्डर थिए । त्योभन्दा अगाडि नै काजी नयनसिंह थापासहित ३०० जति नेपाली सेनाले यसै किल्लामा वीरगति प्राप्त गरेका थिए । यस्तै नेपाल-अंग्रेज युद्ध (सन् १८१४-१६) मा नालापानी किल्लामा बलभद्र कुँवरको नेतृत्वमा महिला र पुरुषसहित करिव ६०० जनाको संख्याले अंग्रेजको एक पृतना र पछि थप समेत हिसाब गर्दा ४ वाहिनी फौजसँग वीरतापूर्वक लडाइँ गरेका थिए । अंग्रेजले हजारौं सैन्य र तोपखाना हतियार लगाइ यस किल्लामाथि २४ अक्टोबर देखि ३० नोभेम्बर १८१४ सम्म ३७ दिन लगातार हमला

गरे (बस्न्यात, २०८०)। जनरल जिलेस्पी लगायत सयौं अंग्रेजी फौजले यस युद्धमा मृत्युवरण गरे। यस युद्धले नेपालीलाई साथ दिएन। नालापानीको युद्धमा पराजित भए पनि प्रतिरक्षात्मक यस युद्धले नेपालको इतिहासमा उच्च स्थान ओगटेको छ। तत्पश्चात् अंग्रेज फौजले देउथलमा १४ अप्रिल १८१५ देखि हमला गर्न सुरु गरेपछि त्यसको प्रतिकार गर्न नेपाली सेनाको नेतृत्व ७३ वर्षीय सरदार भक्ति थापाले गरी १६ अप्रिलको ०४:०० बजेबाट अंग्रेजसँग युद्ध सुरु गरे। अंग्रेजलाई बर्वाद पार्ने प्रयासमा अगाडि बढ्दै जाँदा तीन पटकसम्मको प्रयासमा करिब ५ घण्टा जतिको युद्धपछि सरदार भक्ति थापाको छातीमा गोली लागी उनले त्यहीँ नै वीरगति प्राप्त गरे (शर्मा र अरु, २०४९)। ७३ वर्षको वृद्ध कमाण्डरको यस्तो उच्च मनोवल र मातृभूमिप्रतिको समर्पण देखेर अंग्रेजले उनका सम्मानमा २१ तोपको सलामी अर्पण गरेका थिए। यसरी नेपाली सेनाले नेपाल एकीकरणका बेला देशको सीमा रक्षार्थ महत्त्वपूर्ण भूमिका निभाएको थियो।

***जितगढी र पर्साको युद्धमा नेपाली सेनाको विजय***

नेपाल-अंग्रेज युद्ध (सन् १८१४-१६) को दौरान नेपालको राजधानी काठमाडौं कब्जा गर्न मेजर जनरल मार्लेको नेतृत्वमा हिँडेको करिब ८००० संख्याको बृटिश फौजलाई पर्सा-मकवानपुर मोहडामा करिब ४००० फौज सहितको कर्णेल रणविर सिंह थापाले नेतृत्व गरेको नेपाली सेनाले अगाडि बढ्न असफल बनायो (मानन्धर र राठौर, २०७८)। यस क्षेत्रमा बज्रबाणी, भैरवदल र वीरदल पल्टनहरू तैनाथ रहेका थिए (मानन्धर र राठौर, २०७८)। उक्त बृटिश फौज अगाडि बढेको भए नेपालको राजधानी काठमाडौंलाई कब्जा गर्न सक्ने ठूलो खतरा थियो। त्यसैगरी, मेजर जनरल उडको नेतृत्वमा करिब ४००० बृटिश फौजले बुटवल मोहडामा हमला गरेका थिए जहाँ कर्णेल उजिर सिंह थापाले नेतृत्व गरेको नेपाली सेनाले जितगढी किल्लाको असरदार प्रयोग गरी शत्रुको पटक पटकको हमलालाई परास्त गरे (मानन्धर र राठौर, २०७८) यी दुवै मोहडाहरूमा नेपाली सेनाका थुप्रै कमाण्डर तथा सिपाहीहरूले वीरगति प्राप्त गरेका थिए। उनीहरूको वीरता र बलिदानीले गर्दा महाकाली नदीपूर्वको लडाइँमा बृटिश फौज आफ्नो लक्ष्य प्राप्त गर्न पूर्ण रुपमा असफल भयो। बृटिश फौज यस क्षेत्रमा सफल भएको भए महाकाली नदी पश्चिमको भू-भागमा तैनाथ फौजसँगको सबै प्रकारको सञ्चार बिच्छेद हुने थियो र नेपाललाई उक्त लडाइँ लड्न असहज परिस्थिति सृजना हुन सक्थ्यो।

***सिपाही विद्रोह, प्रथम र दोस्रो विश्व युद्धमा नेपाली सेना***

बेलायती इतिहासकारले 'सिपाही विद्रोह' र भारतीय इतिहासमा 'पहिलो स्वतन्त्रता संग्राम - सन् १८५७' भनेर चिनिने यस घटनामा नेपालले तत्कालीन बृटिस इण्डिया सरकारलाई १४ हजारभन्दा बढी फौज पठाएर सहयोग गरेको थियो। उक्त लखनउ र गोरखपुर क्षेत्रमा भएको सिपाही विद्रोह नियन्त्रण गर्नमा नेपालको सैनिक सहयोगलाई कदर गर्दै नेपाल-अंग्रेज युद्धमा गुमाएको भूभागमध्ये बाँके, बर्दिया, कैलाली र कन्चनपुर नेपालले फिर्ता पाएको थियो (पन्त र थापा, २०७९; बस्न्यात, २०८०)। सन् १९१४-१८ सम्म भएको प्रथम विश्व युद्धमा तत्कालीन बृटिस-इन्डियाको सहयोगार्थ नेपालले २० पल्टन सेना पठाएको थियो। सो युद्धमा नेपाली सेनाले संवेदनशील क्षेत्रको सुरक्षाको काम गऱ्यो। काकुल र देहरादुन इलाकामा तैनाथ रहेको नेपाली सेनाले भारतका विभिन्न क्षेत्रमा पनि काम गरेको थियो। यस युद्धमा फष्ट राइफल, कालीबक्स, पुरानो गोरख, देवीदत्त, कालीबहादुर, बर्दबहादुर, शम्सेरदल, जब्बरजंग, पशुपति प्रसाद, रामदल, शेर, सिंहनाथ, महिन्द्रदल, नयाँ गोरख, सबुज, बरख, भैरवनाथ, दोश्रा राईफल, भैरुङ र श्रीनाथ गणले भाग लिएका थिए (पन्त र थापा, २०७९)। प्रथम विश्व युद्धपछि अंग्रेज र अफगानीहरूको तेस्रो पटकको युद्ध हुने निश्चित भएपछि २ जुन १९१९ मा अंग्रेजको अनुरोधमा नेपालले पशुपति प्रसाद गण, भैरवनाथ गण, दोश्रा राइफल र भैरुङ चार पल्टनमा २०९७ जना नेपाली सेनालाई अफगान युद्धमा पठाएको थियो। वजिरीस्तानको मसुद जातिले अंग्रेजविरुद्ध विभिन्न आतङ्क गरिरहेका थिए। अंग्रेज सरकार प्रथम विश्व युद्धमा फसेको बेलामा मसुदहरूले कडाइका साथ संघर्ष सुरु गरे (बस्न्यात, २०८०)। भारतका भाइसरायको अनुरोधमा १६ जुन

१९१७ मा प्रथम विश्व युद्धमा खट्टिएका नेपाली सेनामध्येबाट फष्ट राइफल गण, महेन्द्र दल गण, भैरवनाथ गण र भारतीय फौजको संयुक्त कारवाहीमा सयौं आतंककारीहरू मारी सफलता प्राप्त भएको थियो । प्रथम विश्व युद्धमा नेपालीको इमान्दार सहयोगबाट अंग्रेज सरकार प्रभावित भई नेपाललाई पूर्ण स्वतन्त्र राज्यको मान्यता दिए (शर्मा र अरु, २०४९) । त्यसैगरी श्री ५ महाराजाधिराजलाई 'हिज हाइनेस'को सट्टा 'हिज मेजेष्टी', प्रधानमन्त्रीलाई 'हिज एक्सेलेन्सी'को सट्टा 'हिज हाइनेस', 'नेपाल दरबार'को सट्टा 'गभर्मेन्ट अफ नेपाल'को सम्मानको अतिरिक्त वार्षिक दश लाख रूपैयाँ प्रदान गरेको थियो (पन्त र थापा, २०७९; बस्न्यात, २०८०) । प्रधानमन्त्री चन्द्र शम्शेर ज.ब.रा.ले नेपाली सेनाको प्रथम विश्व युद्धमा वीरगति प्राप्त गर्ने सकलदर्जाको सम्मानमा त्रि-चन्द्र मिलीटिरी हस्पिटल समेत वि.सं.१९८२ मा स्थापना गरेका थिए (डी.जी.एम.एस.,२०८२) । यस कालखण्डको विश्लेषणबाट नेपाली सेनाले देशको सार्वभौमिकताको रक्षाका लागि अहम भूमिका निभाएको प्रष्ट हुन आउँछ ।

***वि.सं.२०७२ सालको भूकम्प व्यवस्थापन***

वि.सं.२०७२ सालको गोरखा केन्द्रबिन्दु बनाएर गएको विनाशकारी भूकम्प नेपालको आधुनिक इतिहासको सबैभन्दा ठूलो प्राकृतिक विपद्मध्ये एक थियो । त्यतिबेला उद्धार, राहत, घाइते स्थानान्तरण, अस्थायी आवास र पुनर्निर्माणको समन्वयमा नेपाली सेनाले केन्द्रीय भूमिका निर्वाह गरेको थियो । त्यतिबेला नागरिक सेनामाथि अत्यधिक निर्भरतामा रहेका थिए, जसले विपद् व्यवस्थापनमा सेनाको अपरिहार्यता उजागर गऱ्यो । भूकम्पबाट पीडित हजारौं नागरिकलाई खानपान, वासस्थान तथा सुरक्षित स्थानमा लैजाने कार्यमा सेना अग्रणी स्थानमा रहेको थियो (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) । भूकम्पमा सेनाले राष्ट्रिय विपद् प्रतिकार्यको ढाँचाअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पूर्ण पक्षहरूसँग सहयोग र समन्वयमा तल्लो तहसम्म आफ्नो पहुँच पुऱ्याई प्रभावकारी उपस्थितिसहित खोज, उद्धार तथा राहत कार्य सञ्चालनमा खटिएको थियो (मरासिनी,२०८१) । नेपाली सेना भूकम्पका कारण सडक अवरुद्ध भएका बेला पनि दुर्गम क्षेत्रहरूमा तत्काल राहत सामग्री पुऱ्याउने र फसेका मानिसहरूको उद्धार गर्ने काममा तल्लीन भएको थियो । अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीहरूसँग समन्वय गरी प्रभावकारी परिचालन गर्ने काममा पनि सेना उत्तिकै लागेको थियो । महामारी फैलिन नदिन शवव्यवस्थापनमा सक्रिय भूमिका खेल्यो । मिडिया, नागरिक समाज र अन्तर्राष्ट्रिय जगतबाट सेनाको प्रशंसा गरिएको थियो । नेपाली सेनाले विपद् व्यवस्थापनका माध्यमले देशवासीलाई उद्धार एवं राहत दिने कार्यमा मूख्य रेस्पोन्डरको भूमिका निर्वाह गर्दै आएको छ । २०७२ सालको उक्त विनाशकारी भूकम्पमा १४ वटा अति प्रभावित जिल्लामा करिब ६५ हजार सैनिक परिचालन भएका थिए (बानियाँ, २०८०) ।

***कोभिड-१९ महामारी***

कोभिड-१९ महामारीका बेला सिमाना व्यवस्थापन, क्वारेन्टिन सञ्चालन, स्वास्थ्य सामग्री ढुवानी र शव व्यवस्थापनसम्म नेपाली सेनाको भूमिका महत्त्वपूर्ण रहेको थियो । कोभिड-१९ को संकटमा सेनाले तत्काल राहत, उद्धार, स्वास्थ्य सेवाको जिम्मेवारी सम्हालेर नागरिकलाई ठूलो राहत दिएको थियो । संकटका बेला सेनाको उपस्थिति नै जनताका लागि ढुक्क हुने आधार बन्छ । यस समयमा सरकार र नागरिक दुवैले सेनालाई 'अन्तिम आशा' को रूपमा हेर्ने गर्छन् । राष्ट्रिय संकट परेका बेला सबैभन्दा अगाडि निस्कने भनेको नेपाली सेना नै हो (पुन, अन्तर्वार्ता, ०९ पुष २०८०) । कोभिड-१९ महामारीको बेला नेपाली सेनालाई स्वास्थ्य र सुरक्षाको दोहोरो जिम्मेवारी दिइएको थियो । यतिबेला ठूला-ठूला क्वारेन्टाइन र आइसोलेसन सेन्टरहरूको व्यवस्थापन र सुरक्षा गर्नमा नेपाली सेनाको महत्त्वपूर्ण योगदान थियो । सरकारको निर्देशनमा अत्यावश्यक स्वास्थ्य सामग्री पीपीई र स्वास्थ्य सामग्री खरिद र ढुवानीको जिम्मेवारी लिएर सेनाले ठूलो सहयोग गरेको थियो (मरासिनी, २०८१) । यस महामारीको चरम अवस्थामा सेनाका टोलीहरूलाई 'अग्रपंक्तिका योद्धाहरू' को रूपमा सम्मान गरिनुका साथै उनीहरूको कठिन र जोखिमपूर्ण कामको सराहना गरिएको थियो । महामारी नियन्त्रणका लागि सेनाले तत्काल क्वारेन्टिन, आइसोलेसन तथा हेल्थ डेस्क र होल्डिङ एरिया सुरक्षार्थ, विभिन्न स्कर्टिङ, हवाइ तथा जमिनबाट स्वास्थ्य सामग्री ढुवानी, स्वाब संकलन र

शव व्यवस्थापनमा सक्रियतापूर्वक कार्य सफल गरेको थियो । कोभिड समयमा विदेशबाट आउने नागरिकको उद्धार, आइसोलेसन कक्षको व्यवस्थापन, शव व्यवस्थापन र होल्डिङ सेन्टर लगायत कार्यले आम नेपालीको मन जितेको थियो (मरासिनी, २०८१) । कोरोना महामारीकालमा आँखैअगाडि परिवारका आफन्त गुमाएर शवलाई छुन सबै जना डराएका बेला उच्च सुरक्षा मापदण्ड अपनाएर सेनाले शव व्यवस्थापनमा देखाएको निडर भावनाले जनतामा सेनाप्रतिको भरोसा बढेको पाइन्छ ।

### *भदौ २३-२४ को जेन-जी आन्दोलन*

वि.सं. २०८२ भदौ २३-२४ गतेको जेन-जी आन्दोलन र सोपश्चात् विकसित घटनाक्रममा सेनाको भूमिका र राष्ट्रिय सुरक्षाका सम्बन्धमा विभिन्न पक्षबाट बहस भएको पाइन्छ। देशमा आइपरेको अकल्पनीय संकटको अवस्थालाई पार लगाउन नेपाली सेनाले महत्त्वपूर्ण भूमिका खेलेको चर्चा चलेको थियो । नेपाली सेनाले भदौ २४ मा तत्कालीन अवस्थाले उच्च जोखिममा परेका विशिष्ट व्यक्तिहरू, कूटनीतिज्ञ तथा सर्वसाधारणको जीवन रक्षा गर्नमा महत्त्वपूर्ण कार्य गरेको थियो । जेन जी आन्दोलनमा सेनाले पार्टीका नेता, तत्कालीन सरकार, जेन जी लगायत सबै पक्षका कुरा सुनेर देशमा अप्रत्यासित रुपमा आइपरेको संकटको समन्वयात्मक भूमिका निर्वाह गरेको थियो । यसरी समन्वयात्मक भूमिका निर्वाह नगरी सेनाले बल प्रयोग गरेको भए देशको अवस्था कहाँ पुग्थ्यो भन्न सकिन्न । सेनाले आवश्यकताको सिद्धान्तका आधारमा यथाशीघ्र उद्धार, मानवीय सहायता र संवेदनशील स्थानको संरक्षणमा संयमित भूमिका खेल्दा ठूलो क्षति हुनबाट देश जोगिएको थियो (पुन, अन्तर्वार्ता, ०९ पुष २०८०) । सेनाले भदौ २४ गते राति १० बजेदेखि उपत्यकाको सुरक्षा कमान्ड आफ्नो हातमा लिँदै एकीकृत रूपमा निषेधाज्ञा र कर्फ्यू आदेश जारी गरेको थियो (नागरिक, २०८२) । उक्त समयमा सेनाले गरेको भूमिका सराहनीय भएको भन्दै विभिन्न क्षेत्रबाट प्रशंसा भएको थियो । संयुक्त राष्ट्रसंघले असहज परिस्थितिमा शान्तिपूर्णरुपमा महत्त्वपूर्ण योगदान पुऱ्याएकामा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानसेनापति अशोकराज सिग्देल तथा "जेन-जी" युवा नेताहरूको प्रयासको सराहना गरेको थियो (दाहाल, २०८२) । अप्रत्यासित रूपमा विकसित घटनाक्रममा सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाली सेनाले संकटको सहज व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । परिस्थितिलाई थप बिग्रिन नदिन जतिसक्दो छिटो संकट व्यवस्थापनमा सरोकारवाला बीच संवादको वातावरण बनाउन सहजीकरण गर्नु जिम्मेवार निकायको प्रमुख दायित्व भएकाले सेनाले त्यतिबेला संयोजनकारी भूमिका खेलको थियो (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) । यस घटनामा नेपाली सेनाले संविधानको पूर्ण रुपमा पालना गरेको छ । जेन जी आन्दोलनको संकटको घडीमा नेपाली सेनाले न त हस्तक्षेप गरेको छ, न कुनै राजनीतिक महत्त्वाकांक्षा राखेको देखियो । नेपाली सेनाले नागरिकको जीवन रक्षालाई पहिलो प्राथमिकतामा राख्यो । यस्तो समन्वयकारी भूमिकाले नेपाली सेना सदैव देश र नागरिकको पक्षमा छ भन्ने देखाउँछ । भदौ २४ गते नेपाली सेनाले यति ठूलो संयमता नअपनाएको भए धेरै ठूलो क्षति हुने अवस्था थियो । यतिबेला सैनिक शासन लागू हुन्छ कि भन्ने पनि थियो । विदेशी हस्तक्षेप हुन्छ कि भन्ने पनि थियो । तर सेनाले देशको ठूलो संकटलाई सफल अवतरण गराइदियो । जसको कारण नेपाली राष्ट्रियता जोगियो भने ठूलो जनधनको क्षति हुनबाट पनि जोगियो (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) ।

## विषयवस्तुमाथि विश्लेषण

संकटका बेला नेपाली सेनाले सामना गरेका अनेकन चुनौतीहरूलाई संकट टरेपछि सामान्य जीवनशैलीमा फर्केका नागरिकहरूले बिर्सन थाल्छन् । संकट टरेपछि राजनीतिक नेतृत्वले समेत सेनालाई केवल 'प्रोफेशनल फोर्स'को रूपमा मात्र हेर्ने र उनीहरूका माग वा आवश्यकतालाई कम प्राथमिकता दिने प्रवृत्ति बढ्छ। सेनाको सेवा सम्झना गर्ने काम केवल औपचारिक समारोहहरूमा मात्र सीमित हुन पुग्छ। यस बाहेक सेनाबारे अनेकखाले टिप्पणीहरू सुनिन्छ। कहिले सेना कटौती गर्ने कुरा चल्छ भने कहिले सेनाको भूमिकाबारे प्रश्न उठाइन्छ। यसले सेनाबारे आमधारणामा गलत सन्देश जाने गरेको छ। मानव सिर्जित होस् वा प्रकृति सिर्जित, देशमा आइपरेका हरेक

आपत्विपत्का बेला नेपालीहरूको भरोसाको केन्द्र रहँदै आएको छ नेपाली सेना । प्राकृतिक प्रकोप हिमालदेखि तराई जहाँ कहीँ पनि आउने गर्छ, द्रुत उद्धार र जीवन रक्षार्थ नेपाली सेनाको उपस्थिति आवश्यकता अनुसार आकाश, जमिन र जल जहाँ पनि हुने गरेको छ। संकट टरेपछि र राष्ट्र सामान्य अवस्थामा फर्केपछि नेपाली सेनाको भूमिकाको सार्वजनिक स्मृति द्रुत गतिमा कम हुँदै जान्छ ।

### *संकटको समयमा सेना*

जब राष्ट्र कुनै ठूलो विपत्ति वा युद्धको चपेटामा पर्छ, सेनालाई महत्त्वका साथ सम्झने गरिन्छ। सेनाले विभिन्न किसिमका सैन्य अपरेसन गरेर संकटका बेला देशको रक्षा गर्छन् । उनीहरूको बहादुरी र बलिदान चर्चाको विषय बन्छ। मिडिया, राजनीतिक भाषण र सामाजिक सञ्जालमा उनीहरूको प्रशंसा गरिन्छ। यस्तो बेला नागरिक सहायताका लागि सेना अग्रपङ्क्तिमा हुन्छ । भूकम्प, बाढी, महामारी (जस्तैः कोभिड-१९) जस्ता संकटमा सेनाले तत्काल राहत, उद्धार, स्वास्थ्य सेवा र शान्ति सुरक्षाको जिम्मेवारी सम्हालेको थियो । यसले गर्दा जनतामा उनीहरूप्रति अटुट विश्वास र गहिरो कृतज्ञता पैदा हुन्छ । संकटका बेला सेनाको उपस्थितिले नागरिकमा मनोवैज्ञानिक सुरक्षाको प्रत्याभूति हुन्छ। यतिबेला सेनाको उपस्थिति नै जनताका लागि ढुक्क हुने आधार बन्छ (पुन, अन्तर्वार्ता, ९ पुष २०८०) । मुलुकलाई गम्भीर सङ्कट परेको बेलामा नेपाली सेनाले तदारुकता साथ कार्यसम्पादन गरेका थुप्रै घटना छन् । भूकम्प, आगलागी, बाढीपहिरोजस्ता दैवीप्रकोपको समयमा सेनाले आफ्नो सशक्त उपस्थिति देखाई सहयोगी भएको छ । नेपालका दुर्गम स्थानमा बाटो बनाउने काममा त नेपाली सेना सदैव अगाडि छ । कोरोना महामारीमा सेनाले पुऱ्याएको योगदान र चीनबाट भ्याक्सिन ल्याउने कार्यमा देखाएको तत्परता दुवै प्रशंसनीय छन् । नेपाली सेना एक यस्तो शक्ति हो जसका कारण सङ्कटका बेलामा अनेक उल्झनबाट पार पाउन मुलुकलाई सहज भएको छ (मिश्र, २०८१) ।

### *संकट टरेपछि सेनाको सेवा बिर्सने प्रवृत्ति*

संकट टरेपछि आम नागरिकहरू सामान्य जीवनमा फर्कन्छन् । त्यसपछि नेपाली सेनाले संकटमा पुऱ्याएको योगदान बिस्तारै विस्मृतिमा पर्दै जान्छ । यो मानवीय स्वभाव समेत हो । खास गरी राजनीतिक दलका नेता र सर्वसाधारणमा संकट नभएका बेला सेना यत्तिकै बसेर खान्छन् भन्ने भ्रम रहेको छ । यसले गर्दा नै संकट टरेपछि सेनाको भूमिकाको सार्वजनिक स्मृति द्रुत गतिमा कम हुँदै जान्छ। यसो हुनुको कारण सेनाको भूमिका, कर्तव्य लगायतका बारेमा सर्वसाधारणलाई पूर्ण जानकारी नहुनु हो । सेनाबारे कहिंकतै पनि पढाइ हुँदैन । यसबारे कुनै पाठ्यक्रम पनि बनाइएको छैन (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) । त्यसो त नेपाली सेना जनतासँग दैनिक रुपमा प्रत्यक्ष सम्बन्ध राख्ने संस्था हैन । त्यही भएर पनि आम सर्वसाधारणले संकट सकिएपछि नेपाली सेनाले गरेका जोखिमपूर्ण काम र उसको योगदान भुल्न थाल्छन् । सेनाको महत्त्व र योगदान अनि इतिहासबारे जनताले पढ्न पाएका छैनन् भने नेपाली शैक्षिक पाठ्यक्रमहरूमा सुरक्षा र सेनाको ऐतिहासिक महत्त्वबारे उल्लेख नहुँदा सरकारको उच्च तहमा पुगेका व्यक्तिहरूले समेत सेनाको सकारात्मक पक्षमा जानकारी नपाएर बोल्न सक्दैनन् । जसले गर्दा देशको नागरिक नै नेपाली सेनाको मूल्य मान्यताप्रति सचेत हुन पाएका छैनन् (पुन, अन्तर्वार्ता, ०९ पुष २०८०) । त्यही भएर पनि संकट टरेपछि नेपाली सेनाको उपेक्षा गरिएको हुनसक्छ । सेनाका जनहितमुलक कार्यहरू जस्तैः औषधि बाँड्ने, बाटो बनाउने, स्कुल बनाउने आदि कार्यले मात्र सेनाको मूल्यमान्यता जनताले बुझ्दैनन् । सबैभन्दा पहिला देशका बाल बच्चा, युवा तथा प्रौढको मन मष्तिष्कले सेनाको देशलाई महत्त्व, देशलाई सुरक्षाको खाँचो र देशको राष्ट्रिय सेनाको इतिहास बुझ्नु जरुरी छ। त्यसपछि मात्र जनताबाट सेनाले मूल्य मान्यता पाउनेछ । अर्को पक्ष भनेको नेपालको सैनिक इतिहासलाई इतिहासकारहरूले सैनिक इतिहास नभई राजनीतिक इतिहासको रुपमा लेखेका छन् । जसले सेनालाई प्रत्यक्ष फाइदा पुऱ्याएको छैन । हरेक नागरिकले आफ्नो देशको राजनीतिक, सैनिक, धार्मिक, सामाजिक इतिहास बुझे भने मात्र देशमा एकता कायम हुनेछ र नागरिक-सेनाको विश्वास बढ्नेछ

(बस्न्यात, २०७६) । राष्ट्रको सुरक्षाका लागि मेरुदण्डका रूपमा रहँदै आएको नेपाली सेनामाथि केही राजनीतिक व्यक्तिहरूबाट पनि प्रश्न उठाउने काम भइरहेको छ । यस्तो प्रवृत्तिले सेनाको योगदानको अवमूल्यन गर्नुका साथै राष्ट्रिय सुरक्षालाई नै कम आँकलन गर्ने गरिएको देखाइरहेको छ (बानियाँ, २०८०) । सामान्य जीवनशैलीमा फर्केका नागरिकहरूले सेनाको दैनिक चुनौती र महत्त्वलाई बिर्सन्छन् । उनीहरूको बलिदानको सम्झना गर्ने काम केवल औपचारिक समारोहहरूमा मात्र सीमित हुन पुग्छ । अर्कोतर्फ सेना र सुरक्षा सम्बन्धी विज्ञ भनिएका व्यक्तिहरूका अन्तर्वार्ता, लेख र प्रष्टीकरणहरू पनि सहज रुपमा आउने गरेका छन् । सामाजिक संजाल, श्रव्य दृश्य, अनलाइन लगायत यावत् संचार माध्यममा सेना सम्बन्धी यथेष्ट सामग्रीहरू भेटिन्छन् । तर तिनमा तार्किक तथ्यसंगत र वस्तुनिष्ठ विश्लेषण नगरिने हुँदा नेपाली सेनाप्रति सर्वसाधारणको गलत बुझाई हुने गरेको पाइएको छ (चन्द, २०८०) । संकटको समयमा नेपाली सेनालगायत सुरक्षा निकायको भूमिकाको सन्दर्भमा नागरिक वृत्तमा सकारात्मक छलफल तथा बहस गरी सुझाव दिनुलाई राम्रै मान्नुपर्छ । तर परिस्थितिको सतही र मनोगत ढंगबाट विश्लेषण गरी नेपाली सेनालगायत सुरक्षा निकायहरूले गरेको योगदानको अबमूल्यन गर्ने गरी अनावश्यक टिप्पणी हुनु ठिक होइन (पुन, अन्तर्वार्ता, ०९ पुष २०८०) ।

### *शैक्षिक पाठ्यक्रममा समावेश र प्रोत्साहनको आवश्यकता*

नेपाली सेनाको इतिहासबारे शैक्षिक पाठ्यक्रममा गहन तरिकाले समावेश भएको पाइदैन । सेनाको भूमिकालाई केवल संकटमा सीमित गर्दा नागरिक र सेनाबीचको सम्बन्ध मौसमी बन्न पुग्छ, जसले लोकतन्त्रमा आवश्यक पर्ने स्थायी विश्वासलाई कमजोर बनाउँछ । नेपाली सेनाको सबैभन्दा ठूलो खाँचो भनेको जनता र सेनाबीचको सम्बन्ध प्रगाढ रहिरहनु हो । सेना र जनताको सम्बन्ध प्रगाढ हुन दशकौंको प्रयास चाहिन्छ । राज्यलाई चाहिने सेनाको आवश्यकता, यसको महत्त्व र इतिहासबारे राज्यले नै स्कूल, कलेज तथा विश्वविद्यालयका पाठ्यक्रमहरूमा स्तरअनुसारको बुँदाहरू राखेर पढाउनुपर्दछ । त्यसैगरी सेनाले पनि आफ्नो योगदान, इतिहास र महत्त्वबारे प्रकाशन र प्रचार गरेर नागरिक समाज, स्कुल, कलेज, विश्व विद्यालयहरूमा पठाउनुपर्दछ (बस्न्यात, २०७६) । स्थानीय तहले हरेक विद्यालयहरूमा राष्ट्रियता जगाउने किसिमका छोटो अन्तरक्रिया, प्रवचन तथा सिकाइहरू संचालन गर्न सके त्यसले नेपाली सेनाबारे सही कुरा थाहा पाउन सहयोग पुग्छ । भविष्यका देशभक्त सिपाही उत्पादन गर्न वर्तमानमा विद्यालय तहको शिक्षामा केही देशभक्ति र राष्ट्रवादी पाठ्यक्रम थप गरी लगानी गरेमा थोरै खर्चमा वीर योद्धाहरू निर्माण गर्न सकिन्छ (चन्द, २०८०) । पाठ्यक्रममा नेपाली नेपाली सेनाको योगदान लगायत यो कस्तो संस्था हो भन्नेबारे जानकारी दिने प्रकारका विषयवस्तु समावेश भएका सैनिक नागरिक सम्बन्ध बलियो हुने देखिन्छ । नेपाली सेना आपतकालीन समयमा चाहिने शक्ति हो जसले राष्ट्र र नागरिकको सुरक्षा गर्छ । नेपाली सेना देशमा आइपरेको अप्रत्यासित संकटबाट मुक्ति दिलाउने संगठन हो भन्नेबारे सानै कक्षाबाट पाठ्यक्रममा समावेश गरी विद्याथीलाई पढाउनुपर्छ । सर्वसाधारणलाई जानकारी दिनुपर्छ (काफ्ले, अन्तर्वार्ता, ०९ पुष २०८०) । यसले नेपाली सेना र जनाताबिचको सौहार्दतापूर्ण वातावरण निर्माण गर्न सघाउँछ । नेपालले सेनाको भूमिकालाई केवल संकटकालीन साधनको रूपमा नभई राष्ट्रिय सुरक्षाको स्थायी संस्थागत आधारको रूपमा लिनु आवश्यक छ ।

### निष्कर्ष

देशमा भएको संकटको बेला सेनाप्रति अत्यधिक निर्भर रहनु र संकट टरेपछि सेनाको सेवा बिर्सनु प्राय: मानवीय स्वभाव हो । राष्ट्रले साँचो रूपमा आफ्ना सेना लगायतका सुरक्षा संगठनहरूको उचित मूल्याङ्कन गर्नु भनेको केवल संकटको बेला जय जयकार गर्नु मात्र होइन, बरु संकट टरेपछि पनि उनीहरूको पेशागत मर्यादा, व्यक्तिगत कल्याण र संस्थागत क्षमतालाई निरन्तर प्राथमिकता दिनु हो । नेपाल सरकार, सर्वसाधारण, प्राज्ञिक वर्ग र नागरिक समाजले सेनाको भूमिकालाई आवश्यकतामा आधारित साधनको सट्टा राष्ट्रको स्थायी मेरुदण्डको रूपमा लिनु पर्दछ । यसो गरे मात्र नेपाली सेनाले देशको इतिहासको लामो कालखण्डमा आइलागेका विभिर्न्न संकटका बेला अनवरत रुपमा गरेको बफादारी र बलिदानीको उचित कदर हुन सक्छ ।

**सन्दर्भ सामाग्रीहरू**

चन्द, दीर्घ बहादुर. (२०८०). वर्तमान सेना सम्बन्धी विवादः कमजोर नागरिक-सैनिक सम्बन्धको बलियो उदाहरण. https://paschimpress.com/posts/8695

दाहाल, विनिता. (२०८२). 'जेन जी' आन्दोलनपछि सरकार बन्दासम्म सेनाले यसकारण प्रशंसा र आलोचना दुवै कमाए. https://www.bbc.com/nepali/articles/cdx2q5y6k27o

डी.जी.एम.एस. (२०८२). *आर्मी मेडीकल कोर कफि टेबल बुक २०८२*, नेपाली सेना जंगी अड्डा, पन्त, दिनेशराज; थापा, विनोद. (२०७९). *नेपाली सेनाको इतिहास* (वि.सं.१८७२-२००७). नेपाली सेना जंगी अड्डा ।

पौडेल, सुरेन्द्र. (२०८०). सेना सौर्य. https://www.annapurnapost.com/story/453509/

बस्न्यात, प्रेमसिंह. (२०७६). *नेपालमा नागरिक-सेना सम्बन्धका आयामहरू* https://deshsanchar.com/2020/04/02/335380/

बस्न्यात, प्रेमसिंह (२०८०). *नेपाली इतिहासका युद्धहरू* https://ghatanarabichar.com/293694

बुढा, पदम बहादुर (२०७८). मातृभूमिको रक्षार्थ राजा अरमुडिले लडेको त्यो लडाई. *सिपाही वार्षिक, ५४*(५५), पृ.४४-४८ ।

बानियाँ, धर्म. (२०८०). *नेपाली सेनामाथि निरन्तर प्रहार किन ?*

https://ekantipur.com/opinion/2023/08/22/169266583969799720.html

मरासिनी, गोविन्द. (२०८१). *विश्वासको पर्याय नेपाली सेना* https://nagariknews.nagariknetwork.com/opinion/1466356-1740542294.html<click_from=category

मानन्धर, त्रिरत्न. (२०८०).*नेपाल-भोट विवाद* (वि.सं.१९३९-१९४१).फाइन प्रिन्ट ।

मानन्धर, त्रिरत्न; राठौर, कमलराजसिंह (२०७९).*ग्लोरियस पास्ट अफ नेपाली आर्मी हिस्टोरिकल इन्स्टयान्स अफ कन्फ्रन्टेसन विथ फरेन फोर्सेस.* जंगी अड्डा ।

मिश्र, तीर्थप्रसाद (२०८१). *नेपालको गौरवपूर्ण अतीत बोकेको नेपाली सेना,* https://dainiki.com/348179/

रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा नीति, २०७३ https://giwmscdnone.gov.np/media/app/public/251/posts/1701535649_1.pdf

शर्मा, झमकप्रसाद. (२०७८). नेपालको भूसामरिक हैसियत: विगत र वर्तमान *युनिटी जर्नल* २(१). पृ. ३१७-३३० ।

शर्मा, शिवप्रसाद, वैद्य, तुलसीराम, मानन्धर, त्रिरत्न. (२०४९). *नेपाली सेनाको इतिहास,* शाही नेपाली जंगी अड्डा ।

सुब्बा, दिलविक्रम. (२०७३). राष्ट्रनिर्माणमा नेपाली सेनाःयोगदान तथा सम्भावनाहरू. *सिपाही वार्षिक, ४९*(५०), पृ. ११६-१२७ ।

श्रेष्ठ, जीवनारायण. (२०७४). राष्ट्रनिर्माणमा नेपाली सेनाको भूमिका *सिपाही वार्षिक, ५०* (५१), पृ.८७-८९.

पुनश्चः अन्तर्वार्ता

काफ्ले, डोलराज. त्रिभुवन विश्वविद्यालय, २०८० पुष ०९ मा लिइएको अन्तर्वार्तामा आधारित ।

पुन, लाल बहादुर. काठमाडौं विश्वविद्यालय, २०८० पुष ०९ मा लिइएको अन्तर्वार्तामा आधारित ।

-◆◆◆-